मिति २०७६/४/०९

माननीय अध्यक्ष ज्यू,
राष्ट्रिय मानवअधिकार आयोग ।

**विषयः बर्दिया राष्ट्रिय निकुञ्जको सिमाना परिवर्तनबाट पीडित किसानहरूको भूमिमाथि निर्वाध पहुँच, खाद्य अधिकार, खाद्य सम्प्रभूता तथा सम्पत्तिको हक उल्लङ्घनका विषयमा यथाशीघ्र अनुगमन तथा अनुसन्धान गरी सरकारालाई सिफारिस गर्न अनुरोध ।**

माननीय ज्यू,

विगतमा सशस्त्र द्वन्द्व लगायत राजनीतिक/सामाजिक आन्दोलनको कारक तत्वमध्ये भूमिमाथिको अधिकार लगायतका आर्थिक सामाजिक अधिकारको उपभोगबाट वञ्चितीकरण एक रहेको तथ्य सर्वविदितै छ । सोही तथ्यलाई आत्मसात गरेर नेपालको संविधानमा खाद्य, खाद्य सम्प्रभूता, आवास, कृषि कार्यका लागि भूमिमा पहुँच लगायतका विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको तथ्य अध्यक्ष ज्यू लाई अवगतै छ ।

आर्थिक, सामाजिक अधिकार लगायतका संविधान प्रदत्त हकहरू सीमान्तकृत तथा विभेदमा परेका समुदायसमेतले उपभोग गर्ने स्थिति सृजना होस् भन्ने उदेश्यका साथ हामी सामुदायिक आत्मनिर्भर केन्द्र, एम्नेस्टी इन्टरनेसनल, न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) र राष्ट्रिय भूमिअधिकार मञ्चले केही समयदेखि आपसी सहकार्य गर्दै आइरहेका छौं ।

यसै सन्दर्भमा दाङ, बर्दिया र बाँके जिल्लामा सीमान्तकृत आदिवासी थारु समुदायले भूमिमाथिको पहुँचका सन्दर्भमा भोगेका समस्याहरूको पहिचान गर्ने तथा तिनको सम्बोधनका लागी समुदायले अगाडि सारेका प्रयासमा रचनात्मक सहयोग पुऱ्याउने कार्यमा जुटिरहेका छौं । भूमिसम्बन्धी समस्याको बारेमा समुदायसँग छलफल गर्ने, अध्ययन/अनुसन्धान तथा रचनात्मक पैरवीका लागि समुदायका सदस्यहरूको क्षमता अभिवृद्धि गराउन विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आइरहेको व्यहोरा पनि अवगत गराउन चाहान्छौं ।

सामुदायिक आत्मनिर्भर केन्द्र र एम्नेस्टी इन्टरनेसनलद्वारा गत चैत्र ५ देखि १० सम्म बर्दियामा "समुदायमा आधारित सहभागितात्मक कार्यमूलक अनुसन्धान" विषयक प्रशिक्षण गरिएको थियो । प्रशिक्षण लिएका सामुदायिक अनुसन्धानकर्ताहरूद्वारा बर्दिया, दाङ्ग र बाँकेका लक्षित समुदायमा गई प्रारम्भिक अध्ययन गरी समुदायले भोगेका भूमिसम्बन्धी समस्याहरू पहिल्याइएको थियो । तीमध्ये आफ्नो स्वामित्वमा जग्गा जमिन भएर पनि उक्त जग्गा बर्दिया राष्ट्रिय निकुञ्जको सीमा भित्र पारिएको कारणले २०४० साल देखि सयौं किसानहरूले आफ्नो जग्गा जमिन उपभोग गर्नबाट वञ्चित हुनु परेको विषय गम्भीर समस्याको रूपमा रहेको पाइएको छ ।

सो सम्बन्धमा बुझ्न गत वैशाख २९ गते सामुदायिक आत्मनिर्भर केन्द्र, एम्नेस्टी इन्टरनेसनल, तथा

स्थानीय भूमि अधिकार मञ्चका प्रतिनिधि सम्मिलित एक टोलिले[१] प्रभावित गेरुवा गाउँपालिकाको वडा नं ४ पुगी वडाका अध्यक्ष बलवहादुर चलाउने लगायतका पदाधिकारीलाई भेटी समस्याको वास्तविकता बारे जानकारी लिइएको थियो ।

टोलीले प्राप्त गरेको जानकारीअनुसार उक्त राष्ट्रिय निकुञ्जको सीमाङ्कन गर्दा पश्चिमतर्फ कर्णाली नदिबाटै फाटेर बनेको शाखा नदी गेरुवालाई निकुञ्जको पश्चिम सिमाना मानिएको रहेछ । गेरुवा नदीले आफ्नो वहाव जताजता परिवर्तन गर्दै जान्छ निकुञ्जको सीमाना पनि त्यतै त्यतै सार्दै जाने गरिएको अवस्था रहेछ । २०४० सालमा बाढी आउँदा गेरुवाले आफ्नो बाटो परिवर्तन गरेको कारणले किसानको स्वामित्व तथा भोगचलनमा रहेको सयौं विघा जग्गा राष्ट्रिय निकुञ्ज भित्र पर्न गएको कारण त्यतिबेला देखि नै किसानहरूले त्यसको जोतभोग गरेर जिविकोपार्जन गर्नबाट वञ्चित हुँदै आएको पाइयो ।[२]

सबैभन्दा प्रभावित गेरुवा गाँउपालिकाको वडा नं. ४ मा मात्रै १४४ घरधुरी किसानले ३६ वर्षदेखी आफ्नो स्वामित्वको जग्गा उपभोग गर्नबाट वञ्चित भएको पाइयो । सरकारलाई भने किसानहरूले निरन्तर तिरो बुझाउँदै आएका रहेछन् ।  उक्त जग्गासमेत निकुञ्ज भित्र पारेर तारबार लगाएर सुरक्षा निगरानीमा राखिएको अवस्था देखियो । जसको कारणले गर्दा जोतभोग गर्ने कुरा त परै जाओस् किसानले आफ्नो जग्गामा पाइला टेक्न सम्म पनि सक्ने अवस्था रहेनछ । प्रभावितमध्ये अधिकांश सीमान्तकृत आदिवासी थारु समुदायका किसानहरू छन् ।[३]

उक्त स्थानमा भेटिएका किसानहरूले दशकौं देखि न्यायका लागि आवाज उठाँउदै आएपनि कुनै सुनुवाइ हुन नसकेको, निर्वाचनको बेलामा मात्रै यसकावारेमा चर्चा हुने र किसानहरूलाई आस्वासन दिने गरिएको, व्यवस्था परिवर्तन भएर लोकतन्त्र, सङ्घीयता र गणतन्त्र आएपनि आफ्नो दु:ख ज्यूँकात्यूँ रहेको भन्ने निराशाजनक धारणा राखेको अवगत गराउन चाहान्छौं ।[४]

अहिले देशमा संविधान सभाबाट निर्मित सङ्घीय लोकतान्त्रिक, गणतन्त्रात्मक नेपालको संविधान लागू भएको पनि झण्डै चार वर्ष पुग्न लागेको छ । संविधानले थुप्रै आर्थिक तथा सामाजिक अधिकारलाई मौलिक हकको मान्यता दिएको छ । संविधानको धारा ३६मा “प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक”, “खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक” तथा “खाद्य सम्प्रभूतासम्बन्धी हक”को प्रत्याभूति दिइएको छ ।[५] धारा ४२मा सामाजिक न्यायको हक अन्तर्गत प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच समेतको हक संरक्षित छ ।

१ टोलीमा भूमिअधिकार मञ्चका स्थानीय कार्यकर्ता होमेन्द्र थापा, सामुदायिक आत्मनिर्भर केन्द्रका वरिष्ठ अनुसन्धानकर्ता प्रध्यापक सुरेश ढकाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका सदस्य मानबहादुर क्षेत्री,  एम्नेस्टी ईन्टरनेसनल नेपालका कार्यकारी निर्देशक निराजन थपलिया, एम्नेस्टी ईन्टरनेसनल दक्षिण एसिया अनुसनधानकर्ता राजु प्रसाद चापागाई सम्मिलित हुनुहुन्थ्यो ।

[२] २०७६ वैशाख २९ गते वडा अध्यक्षसँगको वैठकवाट प्राप्त जानकारी ।

[३] उहि ।

[४] प्रारम्भिक स्थलगत अध्ययन प्रतिवेदन, १५ जेठ २०७६ ।

[५] धारा ३६(१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

धारा २५(१)मा “प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ” भनिएको छ। उपधारा २ मा  सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा “त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न” रोक लगाइएको छ। उपधारा ३ अन्तर्गत सार्वजनिक हितका लागि कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्दछ। सम्पत्तिको हकसम्बन्धी यस प्रत्याभूतिले कुनैपनि व्यक्तिले कृषि प्रयोजनका लागि आफ्नो सम्पत्तिको निर्वाध उपयोग गर्न सक्ने कुरा संविधानतः सुनिश्चित छ। त्यसैगरी धारा १८ ले अविभेद तथा समानताको हकअन्तर्गत किसानलाई पनि राज्यबाट विशेष संरक्षण प्राप्त गर्ने वर्ग तथा समूहको रूपमा सूचीकृत गरेको छ।



*तस्बिर १: मिति २०७६ वैशाख २९ गते स्थलगत अवलोकनका क्रममा खिचिएको तस्बिर। बर्दिया राष्ट्रिय निकुञ्जको तारबार भित्रदेखिएको किसानहरूले उपभोग गर्न नपाएको भनिएको जग्गा ।*



*तस्बिर २: मिति २०७६ वैशाख २९ गते स्थलगत अवलोकनका क्रममा खिचिएको तस्बिर । तस्विरमा गेरुवा गाउँपालिकाको वडा नं ४ का वडा अध्यक्ष बलबहादुर चलाउनेले स्थलगत अवलोकनमा रहेको टोलीलाई किसानहरूले जोतभोग गर्न नपाएको जग्गाको बारेमा बताउँदै गरेको दृश्य ।*

२०७५ असौज २ देखी खाद्य तथा खाद्य सम्प्रभुताको अधिकारसम्बन्धी ऐन २०७५ लागू भएको छ । ऐनको दफा ३ ले खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको दायित्व किटेको छ। त्यसका लागि नेपाल सरकार, प्रदेश र स्थानीय सरकारले आवस्यक व्यवस्था मिलाउनु पर्छ भनिएको छ। त्यसैगरी दफा १२ ले प्रत्येक किसानको खाद्य सम्प्रभूताको हक हुने घोषणा गरेको छ । खाद्य सम्प्रभूताको अधिकारलाई थप प्रष्ट पार्दै प्रत्येक किसानको पहिचान र सम्मान, खाद्य उत्पादन प्रणालीमा सहभागिता, कृषि पेशावाट स्वेच्छाचारी रुपमा विस्थापनबाट संरक्षण प्राप्त गर्ने कुराको प्रत्याभूति गरिएको छ । दफा १३ ले कृषि पेशाको संरक्षण गरि कृषकको जिवनस्तर प्रबर्धन गर्न विभिन्न उपायहरू अवलम्बन गर्ने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले वहन गर्नुपर्ने व्यवस्था गरेको छ । खासगरी कृषियोग्य भूमिमा पहुँच, कृषि उत्पादनमा पुऱ्याएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति दिने लगायतका व्यवस्था महत्त्वपूर्ण छन् ।

सर्वोच्च अदालतले पनि समय समयमा सम्पत्तिको उपभोगमा राज्य बाधक हुन नहुने तथा राज्यका कृयाकलापका कारण किसानहरूलाई मर्का पार्न नहुने कुरालाई स्थापित गरेको छ। उदाहरणका लागि *बजुद्धिन मिया र अन्य*[६] को मुद्दामा सर्वोच्च अदालतले खाद्य सम्प्रभुताको मौलिक अधिकारको संरक्षण र संवर्धन गर्ने जिम्मेवारीबाट राज्य भाग्न नसक्ने ठहर गरेको छ ।

---

[६] *बजुद्धिन मियालगायतवि.नेपाल सरकार, प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालय* २०६३ साल*को रिट नं.* ०३३८, निर्णय मिति ५ चैत्र

यसका साथै नेपाल आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध[७] लगायत थुप्रै अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्ष राष्ट्र छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा ११ ले *"पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवास समेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई पालना गर्नुपर्ने"* प्रत्याभूत गरेको छ । भूमि माथिको पहुँच यस प्रत्याभूतिको व्यवहारिक उपभोगका लागि महत्वपूर्ण आधार हो । आदिवासीका अधिकारसम्बन्धी अन्तराष्ट्रिय श्रमसंगठनको अभिसन्धि, नं. १६९[८] को पक्ष राष्ट्रका हैसियतले आदिवासी समुदायलाई भूमि लगायतका प्राकृतिक श्रोत साधनमाथिको पहुँचबाट अवाञ्छित रूपमा वञ्चित नगर्ने कुरा सुनिश्चित गर्नु पर्ने सरकारको दायित्व रहेको छ ।

तथापि आफ्नो स्वामित्वमा रहेको खेतियोग्य जग्गाको समेत उपभोग गरेर लाभ लिनबाट वञ्चित हुनु पर्ने अवस्थाको निरन्तरताले माथि वर्णित संविधान, आर्थिक सामाजिक अधिकारसम्बन्धी अभिसन्धि, खाद्य अधिकार तथा खाद्य सम्प्रभूता ऐन एवं न्यायिक निर्णयहरू समेतद्वारा संरक्षित हक अधिकारको पूर्णतः उल्लङ्घन हुन गएको निवेदन गर्दछौं । खाद्य अधिकार तथा किसानको खाद्य सम्प्रभूताको अधिकार, सामाजिक न्यायको अधिकार, सम्पत्तिको अधिकार, समानता तथा सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार एवं पेशा व्यवसाय गर्ने स्वतन्त्रताको सम्मान संरक्षण र परिपूर्ति गर्ने राज्यको बाध्यकारी दायित्व भए पनि त्यसको पालना राज्यबाट हुन सकेको देखिँदंन । जसको परिणामस्वरुप किसान परिवारहरूले अन्याय महशुस गरिरहेका छन् ।

यस किसिमका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू समेतको उल्लंघनका घटना हरूको सम्बन्धमा उजुरी लिएर वा कुनै हिसावले जानकारी पाएमा अग्रसक्रिय रूपमा यथासिघ्र आवश्यक अनुगमन, छानविन तथा अनुसन्धान गरी पीडितका अधिकारहरूको प्रचलन गराउनका लागि सरकारलाई सिफारिस गर्ने अधिकार एवं कर्तव्य सहितको कार्यादेश संविधानको धारा २४९ ले आयोगलाई सुम्पेको छ ।

अतः संविधान द्वारा निर्दिष्ट कार्यादेश अनुरुप यस मानवअधिकार उल्लंघनको विषयलाई प्राथमिकतामा राखेर आवश्यक अनुगमन, छानबिन, अनुसन्धान तथा अभिलेखिकरण गरी पीडित किसानहरूको सम्पत्ति तथा भूमिमाथिको पहुँचको अधिकार, खाद्य एवं खाद्य सम्प्रभूताको अधिकार लगायतका हकअधिकारको पुनर्स्थापनका लागि निम्नानुसार लगायतका अन्य आवश्यक उपायहरू तत्काल अवलम्वन गर्न नेपाल सरकारलाई  सिफारिस गर्न निवेदन गर्दछौं ।

**१) यस समस्याको दिगो समाधानका लागि अधिकार सम्पन्न अन्तर्मन्त्रालय समिति वा संयन्त्र गठन गर्ने ।**

---

२०६५ ।

[७] १४ सेप्टेम्बर १९९० मा नेपाल पक्ष राष्ट्र भएको ।

[८] सन् २००७ अगष्ट २२ मा नेपालले अनुमोदन गरेको ।

**२) तत्कालै टोली खटाएर प्रभावित सबै जग्गाधनी/किसानहरूको लगत लिने ।**
**३) प्रभावित किसानहरू, तिनका समूहहरू तथा नागरिक समाजसमेतसँग छलफल तथा परामर्श गरेर जग्गाधनी किसानहरूले भोगेको हालसम्मको पीडा तथा पिरमर्काको बारेमा यथार्थ बुझ्ने र अभिलेखन गर्ने ।**
**४) जग्गाधनी किसानहरूलाई आफ्नो स्वामित्वको जग्गा जमिनबाट अधिकतम लाभ उठाउन सक्ने गरी निर्वाध पहुँच सुनिश्चित गर्नको लागि यथोचित व्यवस्था गर्ने वा उनिहरूसँगको परामर्शको आधारमा त्यसको उपयुक्त विकल्प खोजेर कार्यान्वयनमा ल्याउने ।**
**५) हकअधिकार उल्लङ्घनका कारण विगत २०४२/४३ साल देखि हालसम्म किसानले भोगेका प्रत्यक्ष वा अप्रत्यक्ष क्षतिको न्यायपूर्ण आंकलन गर्ने र त्यसबापत किसानहरूलाई पर्याप्त क्षतिपूर्ति उपलब्ध गराउने ।**

यस सन्दर्भमा आयोगबाट यथाशीघ्र पहल हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं । साथै यस उल्लंघनको अनुगमन तथा अनुसन्धान गरि उपचार दिलाउने सन्दर्भमा आयोगबाट लिईने पहल कदमीमा आवश्यक सहयोगका लागि हामी तत्पर रहने निवेदन गर्दछौं ।

भवदीय,

| | | |
|---|---|---|
| जगत देउजा<br>कार्यकारी निर्देशक<br>सामुदायिक आत्मनिर्भर केन्द्र । | निराजन थपलिया<br>कार्यकारी निर्देशक<br>एम्नेस्टी ईन्टरनेसनल नेपाल । | केश बहादुर वि.क.<br>अध्यक्ष<br>जिल्ला भूमि अधिकार मञ्च । |
| प्रध्यापक सुरेश ढकाल<br>बरिष्ठ अनुसन्धानकर्ता<br>सामुदायिक आत्मनिर्भर केन्द्र । | अधिवक्ता वसन्त अधिकारी<br>कार्यकारी निर्देशक<br>न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) । | अधिवक्ता राजु प्रसाद चापागाई<br>दक्षिण एसिया अनुसन्धानकर्ता<br>एम्नेस्टी ईन्टरनेसनल । |